# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत्र २१ गते २०१७ साल

### श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

२०१८ साल वैशाख १ गतेदेखि ऐ चैत्र मसान्ततक वर्ष एकमा देहाय बमोजिम सार्वजनिक बिदा र अरू पर्व बिदाहरू दिने श्री ५ को सरकारले मिति ०१७।११।२९।१ मा निर्णय गरेको छ ।

| | | |
|---|---|---|
| १. हरेक शनिवार दिन | | ५२ |
| (क) वैशाख ३, १०, १७, २४, ३१ दिन | ५ | |
| (ख) जेष्ठ ७, १४, २१, २८ दिन | ४ | |
| (ग) आषाढ ३, १०, १७, २४, ३१ दिन | ५ | |
| (घ) श्रावण ७, १४, २१, २८ दिन | ४ | |
| (ङ) भाद्र ३, १०, १७, २४, ३१ दिन | ५ | |
| (च) आश्विन ७, १४, २१, २८ दिन | ४ | |
| (छ) कार्तिक ५, १२, १९, २६ दिन | ४ | |
| (ज) मार्ग ३, १०, १७, २४ दिन | ४ | |
| (झ) पौष २, ९, १६, २३, ३० दिन | ५ | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) माघ ७, १४, २१, २८ दिन ४
(ट) फागुन ६, १३, २०, २७ दिन ४
(ठ) चैत्र ४, ११, १८, २५ दिन ४

२. अरू पर्व बिदाहरू:–

(क) संक्रान्ति बिदा दिन ३
(१) मेष संक्रान्ति वैशाख १ गते बृहस्पतिवार दिन १
(२) कर्कट संक्रान्ति श्रावण १ गते आदित्य वार दिन १
(३) मकर संक्रान्ति माघ १ गते आदित्यवार दिन १

(ख) चैत्राष्टमी चैत्र ३० गते बृहस्पतिवार दिन १

(ग) जन्म जयन्ती बिदा दिन ४
(१) बुद्ध जयन्ती वैशाख १८ गते आदित्यवार दिन १
(२) श्री ५ महाराजाधिराजको जन्म उत्सव (११ जून १९६१) जेष्ठ २९ गते आदित्य वार दिन १
(३) श्रीकृष्ण जयन्ती कृष्णाष्टमी भाद्र १६ गते शुक्रवार दिन १
(४) श्रीपृथ्वी जयन्ती पौ॰ २७ गते बुधवार दिन १

(घ) ठूलो एकादशी हरिशयनी एकादशी श्रावण ९ गते सोमवार दिन १

(ङ) स्कूल, कलेजका छात्रहरू र अध्यापिकाहरूलाई श्रावणकृष्ण (घण्टाकर्ण) चतुर्दशी श्रावण २७ गते शुक्रवार दिन १

(च) श्रीहरितालिका स्त्रीजातीलाई तीजको निमित्त बिदा दिन २
(१) हरितालिका तीज भाद्र २८ गते बुधवार दिन १
(२) ऋषिपन्चमी भाद्र ३० गते शुक्रवार दिन १

(छ) बडादशैं बिदा:—
(१) अदालत, स्कूल, पाठशाला, कलेज, महाविद्यालयहरूलाई घटस्थापना आश्विन २४ गते मङ्गलवारदेखि कार्तिक ७ गते सोमवारतक दिन १४
(२) अरू अड्डाखानाहरूको निमित्त दिन ९
(क) घटस्थापना आश्विन २४ गते मङ्गलवार दिन १
(ख) सप्तमी (पुलपाति) आश्विन ३० गते सोमवार- देखि कार्तिक ७ गते सोमवारतक दिन ८

(ज) यम पन्चक तिहार बिदा दिन ३

536

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१)श्रीलक्ष्मीपूजा कार्तिक २२ गते मङ्गलवार दिन १

(२) गोवरधन पूजा (ह्यपूजा) कार्तिक २४ गते वृहस्पतिवार दिन १

(३) भ्रातृ पूजा कार्तिक २५ गते शुक्रवार दिन १

(झ) वसन्त पन्चमी माघ २७ गते शुक्रवार दिन १

(ञ) महा शिवरात्रि फागुन २३ गते मङ्गलवार दिन १

(ट) फागु (होली) बिदाः—

(१) सदरका निमित्त फाल्गुन शुक्ल द्वादशी चैत्र ५ गते आदित्यवार दिन १

(२) मोफसलका निमित्त फागुन शुक्ल पूर्णिमा चैत्र ८ गते बुधवार दिन १

(३) कलेज, स्कूल, महाविद्यालय, पाठशालाहरूमासमेत पढ्ने पढाउने स्त्री जातिलाई फागुन शुक्ल द्वादशी चैत्र ५ गते आदित्यवारदेखि पूर्णिमा चैत्र ८ गते बुधवारतक दिन ४

(ठ) उपत्यकाको निमित्त जात्रा बिदा दिन ३

(१) गाई जात्रा भाद्र ११ गते आदित्यवार दिन १

(२) इन्द्र जात्रा आश्विन ८ गते आदित्यवार दिन १

(३) घोडेजात्रा चैत्र २२ गते बुधवार दिन १

(ड) संस्कृत पाठशाला महाविद्यालयका निमित्त प्रतिपदा र अष्टमी बिदा दिन ५०

(१) प्रतिपदाः— वैशाख ४।१९, जेष्ठ २।१८।३२, आषाढ १५।२९ श्रावण १३।२८, भाद ११।२६, आश्विन ९।२४, कार्तिक ८।२४, मार्ग ८।२३, पौष ८।२४ माघ ८।२३, फाल्गुन ९।२४ चैत्र ९।२३ गतेसमेत गरी दिन २५

(२) अष्टमीः— वैशाख११।२६, जेष्ठ १०।२४, आषाढ ७।२१, श्रावण ६।२०, भाद्र ३।१७, आश्विन २।१६, कार्तिक १।१५।३०, मार्ग १५, पौष १।१६।३०, माघ १६, फाल्गुन १।१६।३०, चैत्र १६।३० गतेसम्म गरी दिन २५

(ढ) पाठशाला, संस्कृत पाठशाला, महाविद्यालयलाई गुरुपूर्णिमा श्रावण १२ गते सोमवार दिन १

(ण) आयुर्वेदतर्फकाले धन्वन्तरी जयन्ती कार्तिक २१ गतेसोमवार दिन १

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(त) मधेश तराईतर्फको निमित्त छड्को चाड मनाउना निमित्त कार्तिक शुक्ल षष्टी
कार्तिक २९ गते मंगलवार दिन १

(थ) स्कूल, पाठशाला, कलेज, महाविद्यालय, यूनिवर्सिटीसमेतलाई गर्मी ठाउंको निमित्त वर्षामा र ठन्डी ठाउंको निमित्त मीनपचाससमेत गरी पाउने बिदा
महीना २ को दिन ६०

(द) अंग्रेजी पढाउने स्कूलहरूलाई हरेक शुक्रवार दिनको १ बजे र संस्कृत पढाउने पाठशाला, महाविद्यालयहरूलाई हरेक पूर्णिमा र अमावास्याको दिन १ एक बजे छुट्टि दिने ।

(ध) ललितपुर श्रीमत्सेन्द्रनाथको भोटो देखाउने जात्राको दिन उपत्यकाका अड्डाखानाहरूलाई दिनको २ बजे बिदा छाडिदिने ।

(न) नेपाल सहीद दिवस मनाउने माघ १६ गते उपत्यकाभित्रका सबै अड्डाखानाहरूलाई आधा दिन अर्थात् दिनको १।। डेढ बजे बिदा छाडि दिने ।

(प) प्रजातन्त्र दिवस मनाउन फाल्गुन १ गते सोमवार र फाल्गुन ७ गते आदित्यवार गरी दिन २ दुइ पनि सबै अड्डाखानालाई बिदा छाडिदिने दिन २

(फ) हाजिर हुने र छुट्ने समयः–

(१) स्कूल, कलेज, पाठशाला, आदि शिक्षण संस्थामा साविक जो चलेको छ सोही बमोजिम कायम गर्ने ।

(२) अरू अड्डाखानाहरूको हक्मा बैशाख, ज्येष्ठ, आषाढ, श्रावण, भाद्र, आश्विन, कार्तिक, फाल्गुन, र चैत्र महीनाहरूमा बिहान १० बजे हाजिर भै बेलुकी ५ बजे छाड्ने, मार्ग, पौष, माघ महीना ३ तीनलाई बिहान १०।। बजे हाजिर भै बेलुकी ४ बजे छाड्ने ।

(३) बडा दशैं नवरात्रिको आश्विन २५, २६, २७ र २९ गतेलाई बिहान १२ बजे हाजिर भै बेलुकी ५ बजे छाड्ने ।

(ब) उपस्थितको निमित्त तोकिएको दिन तोकिएको ठाउं समयमा सूचना भए बमोजिम गर्नेः—

(१) श्री ५ महाराजाधिराजका बाहुलिबाट टीका थाप्न

(२) श्री ५ त्रिभुवन जयन्तीमा उपस्थित हुन

(३) श्री पृथ्वी जयन्तीमा उपस्थित हुन

(४) श्री ५ महाराजाधिराजबाट बसन्त श्रवण गरिबक्सने दिन

(५) श्री५ महाराजाधिराजको दरबारमा फागु हुनेदिन

(६) श्री ५ को सरकारको घोडेजात्राको तमासामा उपस्थित हुन

(७) प्रजातन्त्र दिवस मनाउन उपस्थित हुन

(८) बडा दशैंको फुलपातीको दिन उपस्थित हुन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(भ) श्री ५ महाराजाधिराजको दरवारमा फागु भएमा उपस्थित हुनेहरूको निमित्त सफा सुग्घरको निमित्त त्यसको भोली पल्ट त्रयोदशीको दिन अर्थात् चैत्र ६ गते सोम वारका दिन एक बिदा पाउने ।

(म) अरू भै परि आएकोमा आवश्यकतानुसार उसै बखत चाहिने सूचना हुने छ ।

(य) माथि दफा दफामा लेखिए बमोजिम बिदा पाउनेमा रोजनामा काम चल्ने अड्डाखाना जस्तो कि अस्पताल, रोप, ट्रली, भंसार, बजार, पुलिसचौकि, थानाचौकी, फाएर बृगेड, टक्सार, रेडियो, गो. प. छापाखाना आकाशवाणि, तार टेलिफोन हुलाकसमेतका काम काज रोक्न नहुने अड्डाखानाहरूका निमित्त सरकारी काम काज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिमको चाहिने प्रवन्ध गरी रीत पुऱ्याई मात्र बिदा बस्न पाइनेछ ।

आज्ञाले–
मे, ज, क्षेत्रविक्रम राणा,
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय,

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

खण्ड १० फागुन ८ गते २०१७ अतिरिक्तांक २५ भाग ४ नेपाल गजेटमा प्रकाशित गृह तथा स्वायत्त शासन मन्त्रालयको विज्ञप्तिमा १३ कोशी अंचल (धनकुटा मोरंग) मा खटिएका विशेष अधिकार सम्पन्न दौडाहाको सदस्य पदमा डि. एस्. पी. श्रीकृष्णबहादुरको सट्टा श्री ५ को सरकारले इन्सपेक्टर श्रीओम बहादुर खड्कालाई मुकरर गरेको छ ।

आज्ञाले–
मे. ज. क्षेत्रविक्रम राणा,
श्री ५ को सरकारको सचिव,
गृह मन्त्रालय ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

540

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।